२३६

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरण कुमार पोखरेल
## सूचना आयुक्त यशोदा देवी तिम्सिना

## आदेश

सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं ४ बस्ने पशुपतिदास ............................१ पुनरावेदक

**विरूद्ध**

केशो अनिरुद्धवती माध्यामिक विद्यालय राजविराजका प्रधानाध्यापक विज्यानन्द झा समेत .......१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ ।**

उपर्युक्त पुनरावेदकले केशो अनिरुद्धवती माध्यामिक विद्यालय राजविराजका प्रधानाध्यापक विज्यानन्द झा समेतले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले यस आयोगमा गरेको पुनरावेदनको सम्बन्धमा यस आयोगबाट मिति २०६८।०९।०८ मा विपक्षी प्रधानाध्यापक विज्यानन्द झालाई रु १०००।- जरिवाना गरी पुनरावेदकलाई माग गरे बमोजिमको सूचना उपलब्ध गराउनू भनी भएको आदेश कार्यान्वयनका लागि यस आयोगबाट मिति २०६८।०९।११, च.नं. ३५१ को पत्रबाट पत्राचार भई सकिएको देखिएको । यस लामो समयसम्म पुनरावेदकले सूचना पाइन भनी निवेदन गर्न आएको नदेखिएको र उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा पुनरावेदकले पुनः आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरण कुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल वैशाख २५ गते रोज ६ शुभम् ।